ख्रीष्टको उपस्थिति र मण्डलीको विस्तार

पाष्टरीय तालीम पुस्तिका

२६

तालीम र वृद्धि

T&M ®

प्रचारक पत्रुस एकदमै दुर्गम गाउँमा भएको यूहन्नाको घरमा जान्छ। यस गाउँमा सुसमाचार प्रचार गर्नको निम्ति उति साह्रो कानूनी बाधा बन्धन छैन...

अनि सबैभन्दा मुख्य कुरो त यो छ कि... येशूले हाम्रो, अनि अति नै दुष्टको पनि, पाप क्षमाको निम्ति आफ्नो जीवन बलिदान दिनुभयो । उहाँले कसैलाई इन्कार गर्नुभएन । उहाँ मृत्युबाट बौरी उठ्नुभयो अनि हामीले उहाँको नयाँ, पवित्र र अनन्त जीवनको सहभागी हुने मौका पाएका छौं ।

यदि तपाईले भन्नुभएको कुरो सत्य हो भने, किन येशूले यो जरुरीले भरिएको संसारलाई छोडिजानु भयो ?



येशू खीष्टले आफ्ना चेलाहरुलाई बुझाउनु भयो कि उहाँले पवित्र आत्मा पठाउनु हो भने उहाँ स्वर्गमा फर्की जानु पर्छ (यूहन्ना १६:५-७)। उहाँको मानव शरीरमा उहाँले हामी सबैसंग संगति गर्नसक्नु हुन्न । उहाँ त एक पल्टमा एकै ठाउँमा मात्र हुनसक्नुहुन्थ्यो । तर उहाँको आत्माद्वारा उहाँ हरेक विश्वासीको हृदयमा व्यक्तिगत रुपमा वास गर्नसक्नुहुन्छ ।

ताकि उहाँ यहाँ गाउँमा तपाईसंग हुनुहुनेछ, अनि उता शहरमा मसंग हुनुहुन्छ । येशू खीष्ट यहाँ हुनुहुन्छ । उहाँले तपाईलाई प्रेम गर्नुहुन्छ । उहाँले तपाईलाई भन्नुहुन्छ, "तिम्रा पापहरुको पश्चाताप गर, अनि मलाई पछ्याऊ ।" जसरी शारीरिक रुपमा यस संसारमा रहेर उहाँले व्यवहार गर्नुहुन्थ्यो, त्यसै गरी आज पनि उहाँ चाहनुहुन्छ ।
खीष्ट यहीँ हुनुहुन्छ ? उहाँले मलाई क्षमा दिन चाहनुहुन्छ ?

म उहाँलाई देख्न सक्तिनँ । उहाँ यहाँ हुनुहुन्छ भनेर म कसर ी जान्न सक्छु र ?

किनभने उहाँले भन्नुभयो: “म पितासंग बिन्ती गर्नेछु, र उहाँले तिमीहरुलाई अर्को सल्लाहकार दिनुहुनेछ। यिनी सत्यका आत्मा हुनुहुन्छ, जसलाई संसारले ग्रहण गर्नसक्दैन, किनभने संसारले उहाँलाई नता देख्छ न चिन्छ। तिमीहरु उहाँलाई चिन्छौ, किनभने उहाँ तिमीहरुसंग वास गर्नुहुन्छ, र उहाँ तिमीहरुमा रहनुहुनेछ।” उहाँले यसो पनि भन्नुभयो, “म तिमीहरुलाई टुहुरा छोड्नेछैनँ। म तिमीहरुकहाँ आउनेछु।” (यूहन्ना १४:१६-१८)

के उहाँले अझ पनि हामीलाई क्षमा दिन चाहनुहुन्छ ?

ज्यू चाहनुहुन्छ। उहाँसंग अझ पनि त्यही प्रेम अनि हामीलाई पाप र नरकबाट बचाउनसक्ने त्यही शक्ति छ।

के तपाई उहाँको उपस्थिति, प्रेम र मुक्ति थाहा गर्न चाहनुहुन्छ ? अहिल्यै तपाई सक्नुहुन्छ। उहाँले पापीहरुलाई भन्नुहुन्छ: “पश्चाताप गर, र तिमीहरुका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौ।” (प्रेरित २:३८)

परमेश्वरको आत्माले आफ्नो आत्मामा काम गर्नुभएको यूहन्नाले महसूस गर्दछ ।

येशू खीष्ट र पवित्र आत्मा दुइ ईश्वरीय व्यक्तिहरु हुन्, तर तिनीहरु एक भएका छन् । परमेश्वर एउटै हुनुहुन्छ । पवित्र त्रिएकत्वको रहस्य यही हो । जब येशूले हामीसित हुनुहुने प्रतिज्ञा गर्नुभयो, उहाँले पवित्र आत्माको उपस्थितिलाई सम्बोधन गर्दैहुनुहुन्थ्यो ।

अब हामी यूहन्ना १४:१६-१८, मत्ती २८:२० र प्रेरित १:८ पढौं । पवित्र आत्माले हामीलाई येशू खीष्टको उपस्थिति थाहा गर्नलाई सामर्थ तुल्याउनुहुन्छ (यूहन्ना १६:५-७, गलाती ४:६)। मित्र हो, म तपाईहरुलाई प्रार्थना गर्न सहायता गर्नेछु । हामी उहाँको क्षमादान र उद्धारको निम्ति परमेश्वरसंग पुकारा गर्नेछौं । तपाईले मेरो पछिपछि ती प्रार्थना दोहोऱ्याउन सक्नुहुनेछ ।



यूहन्ना र उसकी पत्नी रोदाले उनीहरुको हृदयमा परमेश्वर बोलिरहनु भएको थाहा गरे । उनीहरुले पवित्र आत्मा ग्रहण गरे पछि खीष्टको उपस्थिति थाहा गरे ।

धेरै लामो समय लगाएर येशूलाई पछ्याउने बारेमा पीटरले बताएपछि अब उसको विदा हुने बेला भएको थियो । यूहन्नाले सोध्दछ,

जब पीटर यूहन्नाको घरबाट निक्लनै लागेको हुन्छ....

भोलिपल्ट बिहान...

यूहन्नाले महसूस गरेको छ कि उसभित्र रोमी ७:१८ ले भने अनुसार दुइवटा संघर्षशील झुकावहरु छन्...

उसको नयाँ झुकाव चाहिँ नयाँ गरी जन्मेको एक सच्चा यूहन्ना हो । यो यूहन्ना चाहिँ *"पवित्र आत्माको मन्दिर" हो । पुरानो झुकाव चाहिँ आदमबाट पाएको झुकाव हो । यो "पुरानो मानिस"* ले चाहिँ शैतानलाई मौका दिन चाहन्छ । यो पुरानो यूहन्ना हो । (कलस्सी ३:९-१०)

यूहन्नाले साक्षी दिएको दिन...

मंगलबार, पीटर फर्केर आउँछ ।

यूहन्ना, तिमीले मेरो आज्ञा पालन गरेका छौ । अब तिमी गाउँ गाउँमा मेरो साक्षी हुनेछौ । म तिमीसित हुनेछु भनी मैले प्रतिज्ञा गरेको छु ।

शब्दहरु तिम्रा मुखमा र ाखिदिनलाई म तिमीलाई सहयोग गर्नेछु । मेरो आत्मा तिमीभित्र छ ।
(प्रेरित १:८)

सबै पापको निम्ति क्रूसमा एक पटक अनि सदाको निम्ति बलिदान भइसकेको छ। परमेश्वरले हामीलाई सित्थैंमा अनन्त जीवन दिनुहुन्छ...।

हेर। तिम्रो साथीले तिम्रो ज्याकेट लगाइराखेको छ। उसले तिम्रो हाँसो उडाइरहेको छ। हेर, तिमी कति रि साउँछौ। तिमी त काम नलाग्ने पो रहेछौ !

अर्को मंगलबार...

दाई, तपाई आउनु भएको निम्ति म परमेश्वरलाई धन्यवाद दिन्छु । जब हामीले बप्तिस्मा लियौं, यूहन्ना निकै उत्साहित भएको थियो, तर अहिले उसको हाँसो गर्ने साथीहरुसित उनी रिसाएको छ ।
तिनीहरु अति दुष्ट छन् । शायद खीष्टले उनीहरुलाई क्षमा गर्नसक्नुहुन्छ होला, तर म चाहिँ सक्दिनँ ।
चिन्तित नबन्नोस् । आज हामी प्रभुभोजमा सामेल भएर हाम्रो विश्वासलाई ताजा पार्नेछौं । यूहन्ना, तिमीले आफैलाई येशू खीष्टको उपस्थितिमा जाँच्नेछौ । कुन दुष्ट कुराले तिमीलाई बाधा पारिरहेको छ तिमीले पत्ता लाउने छौ ।

प्रभुभोजले हामीलाई येशू खीष्टको उपस्थिति थाहा गर्न सहायता गर्दछ । रोटी र कचौराको स्वादको कारणले होइन । यसले त हामीलाई येशूको बलिदानबारे स्मरण गराउँछ (लूका २२:१९)।
सर्वप्रथम हामी शान्तसंग प्रार्थना गरौं । हामी आफैलाई जाँच्नेछौं अनि खीष्टको रगतमा हाम्रो क्षमादानको निम्ति भरोसा गर्दै हाम्रा पापहरु पर मेश्वरमा मानिलिन्छौं ।

यूहन्नाले शान्तसंग प्रार्थना गर्दछ....

मैले तिमीलाई क्षमा दिएको छु ।
मैले तिमीलाई कहिल्यै छोडेको छैनँ । म तिमीसित सधैं हुनेछु भन्ने ज्ञानमा तिमी आनन्दित बन ।

आफ्नो छिमेकीको विरुद्धमा भएको रीसलाई परमेश्वरमा मानिलिएर, अनि खीष्टको मृत्युमा मनन गर्दै, प्रभुभोजद्वारा यूहन्नाले फेरि प्रभुको उपस्थिति थाहा गर्दछ ।

यूहन्नाले क्षमा दिन्छ...।

समय बित्दै जान्छ....।

पीटर भेट्न आइरहन्छ। उसले तिनीहरुलाई खीष्टको सबै आज्ञाहरु पालन गर्न सिकाउँछ। यूहन्नाले उसित पाष्टरीय कोर्सहरु अध्ययन गर्दैछ।

पवित्र आत्माद्वारा परमेश्वरले यूहन्नालाई शक्तिशाली बनाऊन् अनि उसलाई सानो मण्डलीको देखरेख गर्न पाष्टरीय वरदार हरु दिऊन् भनी पीटरको मण्डलीका एल्डरहरुले यूहन्नामाथि हात राखिदिन्छन् (१ तिमोथी ४:१४)।

पिता, उसलाई एक गोठालोको हृदय दिनुहोस् ताकि उसले विश्वासयोग्यतासंग बगालको हेरचाह गर्नसकून् । पश्चातापीलाई बप्तिस्मा दिनु पर्ने आज्ञालाई उसले पालन गर्नसकून्, अनि राम्ररी र व्यवस्थित ढङ्गमा प्रभुभोज दिनसकून् । उसले बिरामीहरु र निरासमा भएकाहरुलाई भेटेर तपाईको वचनबाट सल्लाह दिनसकून् ।

यूहन्ना, तिमीलाई धेरै भयो भनेर तिमीले ठिकै भन्यौ । तब म तिमीसित छु । तिमीले तिम्रो काम पूरा गर्नसक्नेछौ....।

म तपाईको आज्ञा पालन गर्नेछु, प्रभु । म तपाईको बगालको हेरचाह गर्नेछु ।

आउँदो आइतबार, यूहन्नाले प्रभुभोज दिन्छ.... ।

एक साता पछि....

निरास भएर, यूहन्नाले पीटरलाई लेखे...

पीटरले जवाफमा भन्छ....

....मैले ता अरु ठाउँहरुमा पनि जानु छ। म तिम्रो शहरमा हरेक साता आउन सक्तिनँ।

खीष्टका आज्ञाहरु तिमीलाई थाहै छ यसकारण तिमीले आफै झुण्डको हेरचाह गर्नसक्छौ। भाइहरुले जिम्मेवारी लिनै पर्छ। येशू खीष्ट सधैं मसित हुनुभए झैं तिमीसित पनि हुनुहुनेछ। तरै पनि म शनिवारको दिन आउँला।

शनिवारको दिन...

मलाई ढिलो भइर हेको छ। पीटर आइपुगेकै छैन।
यूहन्ना ! डाँकाहरुले बाटोमा पीटरलाई आक्रमण गरेछन् ! उनको त मृत्यु भयो !
यो तिम्रै भूल हो। तिम्रै कमजोरीको कारण, तिमीले उसलाई आउन बाध्य तुल्यायौ। अब तिमी एकलै छौ। अनि तिमी काम नलाग्ने बन्यौ।

यूहन्ना प्रार्थनाद्वारा खीष्टको बहुमूल्य उपस्थितिमा रहिरहन्छ....

खीष्टको बारेमा सिकाउनको निम्ति उसले बाइबल अध्ययन गर्छ । हरेक पानामा उसले खीष्टको उपस्थिति पाउँछ...।

विश्वासीहरुले खीष्टको उपस्थिति महसूस गर्दछन् । यूहन्नाले सिकाउँछ....

मलाई सामर्थ्यवान् तुल्याउनु हुने खीष्टद्वारा म सबै कुरो गर्नसक्छु (फिलिप्पी ४:१३)।

सयौंले पश्चाताप गरेर खीष्टको आनन्द र अनन्त जीवनमा सहभागी बन्न पाउनेछन् ।

सारांश जाँच

१. जब येशू स्वर्गमा फर्किजानु भयो, उहाँले के गर्नुभयो ? (यूहन्ना १६:७)

_____

_____

_____

२. के येशू अझ पनि पृथ्वीमा उपस्थित हुनुहुन्छ ? कसरी ? (मत्ती २८:२० अनि यूहन्ना १४:१६-१८)

_____

_____

_____

_____

३. येशूमा अझ पनि हरेकको निम्ति त्यही प्रेम र क्षमादान छ भनी कसरी हामी जान्न सक्छौं ? (लूका २४:४६-४९)

४. पवित्र आत्मा र येशू ख्रीष्ट भिन्ना भिन्नै व्यक्तिहरु भए पनि उहाँहरु एउटै परमेश्वर हुनुहुन्छ भनी हामी कसरी जान्न सक्छौं ? (यूहन्ना १४:१६-१८)

५. प्रेरित २:३८ अनुसार हामीले के गर्नैपर्छ ?

६. १ थिस्सलोनिकी ५:१७-१९ अनुसार हामीले के गर्नैपर्छ ?

७. १ कोरिन्थी १०:१६ अनुसार हामीले के गर्नैपर्छ ?

८. लूका २४:२५-३२ अनुसार हामीले के गर्नैपर्छ ?

९. यदि हामीले उहाँका आज्ञाहरु पालन गऱ्यौं भने प्रभुले हामीलाई यूहन्ना १४:१५-२१ मा के प्रतिज्ञा गर्नुभएको छ ?

१०. प्रेरित १:८ अनुसार हामीलाई के गर्नको निम्ति पवित्र आत्माले सहयोग गर्नुहुन्छ ?

११. के कुनै दुर्गम क्षेत्रमा भएको एक नम्र विश्वासीमा पनि कुनै एक मिसनेरी अथवा तालीम प्राप्त पाष्टरमा झैं त्यही पवित्र आत्मा हुन्छ र ?

_____

१२. कुनै एक क्षेत्रमा खीष्टको काम गर्नको निम्ति को जिम्मेवारी हुनुपर्छ ? स्थानीय विश्वासीहरु कि कुनै ठाउँबाट आएका केही शिक्षकहरु ?

_____

_____

_____

_____



कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

026NP01A-01